"स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिकाप्रति प्रतिवद्धता,
कानुन व्यवसायीको पेशागत दक्षता एवं सुनिश्चितता"

नेपाल बार एशोसिएशन

१४ औँ अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलन

२०७४ साल चैत्र ९, १० र ११ गते नेपालगञ्ज

नेपालगञ्ज घोषणा–पत्र

घोषणा–पत्र तयारी समिति

- ✓ बरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती -- संयोजक
- ✓ बरिष्ठ अधिवक्ता सुषमा बास्कोटा बराल–सदस्य
- ✓ बरिष्ठ अधिवक्ता रमेशकुमार मैनाली –सदस्य
- ✓ बरिष्ठ अधिवक्ता सुरेन्द्रकुमार महतो–सदस्य
- ✓ बरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे–सदस्य
- ✓ अधिवक्ता सुनिलकुमार पोखरेल–सदस्य
- ✓ अधिवक्ता गोबिन्दप्रसाद शर्मा बन्दी–सदस्य
- ✓ अधिवक्ता अशोककुमार पोखरेल–सदस्य
- ✓ अधिवक्ता ईश्वरीप्रसाद भट्टराई –सदस्य
- ✓ अधिवक्ता बलबहादुर राई–सदस्य
- ✓ अधिवक्ता जुहारीलाल चौधरी–सदस्य
- ✓ अधिवक्ता लिलामणि पौडेल–सदस्य
- ✓ अधिवक्ता डा. दिनमणि पोखरेल–सदस्य
- ✓ अधिवक्ता मिना सेढाई गौतम–सदस्य
- ✓ अधिवक्ता लोकबहादुर शाह–सदस्य
- ✓ अधिवक्तालक्ष्मी पोखरेल–सदस्य
- ✓ अधिवक्ता सुधिरकुमार कर्ण–सदस्य

कानुनको शासन, स्वतन्त्र, सक्षम र जवाफदेही न्यायपालिका, मानव अधिकार र लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणमा नेपाल बार एशोसिएशनले पुर्‍याउदै आएको योगदानलाई हृदयंगम गर्दै,

यस अघिका राष्ट्रिय सम्मेलनहरु मार्फत नेबाएले अघि सारेका दृष्टिकोणहरु प्रति प्रतिवद्ध हुदै संविधानको कार्यान्वयन र आर्थिक समृद्धिको दिशा तर्फमुलुकलाई अग्रसर गराउँदै कानुनी शासनलाई

सुदृढ गर्न नेपाल बार एशोसिएशनको १४ औं अखिल नेपाल कानूनव्यवसायी राष्ट्रिय सम्मेलन योघोषणा–पत्र जारी गर्दछः

१. ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार राज्यका तीन तहको निर्वाचन सम्पन्न हुनु संविधान कार्यान्वयनको दिशामा एउटा महत्वपूर्ण उपलब्धी हो । यसले मुलुकलाई राजनीतिक स्थिरता र आर्थिक सम्वृद्धिको दिशामा अगाडी वढाउन महत्वपूर्ण आधार तयार गरेको छ भन्ने यो सम्मेलन ठहर गर्दछ ।

२. संविधानले आत्मसात गरेको संघीय संरचनालाई प्रभावकारी बनाउनका लागिप्रदेश तथा स्थानीय तहलाई आत्मनिर्भर बनाउन प्राथमिकताका साथ भौतिक पूर्वाधार, साधन तथा श्रोत सम्पन्न बनाउन विशेष पहल गर्न संघीय सरकारसंग यो सम्मेलन जोडदार माग गर्दछ ।

३. संघ र प्रदेश तथा संघ, प्रदेश र स्थानीय तहका लागि संविधानको अनुसूची ७ र ९ मा तोकिएका साझा सूचीको अधिकारको प्रभावकारी कार्यान्वयन गर्नका लागि यथासिघ्र संघीय कानून वनाइ कार्यान्वयनको उचित वातावरण बनाउन यो सम्मेलन संघीय सरकारसंग जोडदार माग गर्दछ ।

४. संविधानले सुनिश्चित गरेका मौलिक हक तथा अन्य अधिकारको कार्यान्वयनको लागि संविधान जारी भएको तीन वर्ष भित्र कानुन बनाउने भन्ने संविधानको व्यवस्था प्रति गम्भीर हुँदै संविधानले तोकेकै समयावधी भित्र आवश्यक कानून निर्माण गर्न यो सम्मेलन संघीय सरकारको ध्यानाकर्षण गराउँदछ ।

५. नेपालको संविधान संशोधनका सम्बन्धमा वाह्यपक्षको अनधिकृत चासो, सरोकार र हस्तक्षेपलाई यो सम्मेलन अस्विकार गर्दछ । संविधान संशोधनको प्रक्रिया संविधानमानै तोकिएको हुँदा सार्वभौम संसदले आवश्यकता र औचित्यकोआधारमा संविधानमा सशोधन गरी संविधानलाई गतिशिलता प्रदान गर्ने र स्विकार्यता अभिवृद्धि गर्ने विषयमा यो सम्मेलन विश्वस्त रहेको छ ।

६. संविधान संशोधनको क्रममा संविधानमा रहेको प्राकृतिक श्रोत तथा वित्त आयोगलाई छुट्टाई अलग अलग राष्ट्रिय प्राकृतिक श्रोत आयोग तथा राष्ट्रिय वित्त आयोग गठन गर्न नेपाल सरकार समक्ष यो सम्मेलन माग गर्दछ ।

७. विगत देखिनै नेबाएले न्यायपालिकामा रहेको भ्रष्टाचारको विषय उठाउँदै आएको र न्यायपालिकाको नेतृत्वबाट समेत न्यायपालिकामा व्याप्त भ्रष्टाचार निर्मूल गर्ने प्रतिवद्धता व्यक्त गर्दै आएतापनि भ्रष्टाचारन्यूनीकरण हुनुको साटो झन झन बढ्दै गएको जनगुनासो रहेको सन्दर्भमा निश्चित न्यायाधिश, कर्मचारी, कानूनव्यवसायी र विचौलियाहरुको मिलेमतोमा भइरहेको भ्रष्टाचार निर्मूल गर्नका लागि विद्यमान संयन्त्रहरुलाई प्रभावकारी बनाउन सम्माननीय प्रधानन्यायाधीश, न्याय परिषद्, न्याय सेवा आयोग र कानून व्यवसायी परिषद समक्ष यो सम्मेलन जोडदार माग गर्दछ । साथै न्यायपालिकामा रहेको भ्रष्टाचारको अन्त्यका लागि आवश्यक कानुनी

तथा संरचनागत उपायहरु अवलम्वन गर्न सम्माननीय प्रधान न्यायाधीश लगायत सम्वद्ध सवैको यो सम्मेलन ध्यानाकर्षण गराउँदछ ।

८. स्वतन्त्र न्यायपालिका लोकतन्त्र र कानूनी शासनको धरोहर हो भन्ने नेवाएको दृढ मान्यता रहेकाले न्यायपालिकाको स्वतन्त्रतामा आँच आउने गरी हुने सवैखाले अनुचित दवाव र प्रभाव नेवाएलाई स्विकार्य छैन । न्यायपालीकाको स्वतन्त्रतामा हस्तक्षेप हुने कुनै पनि गतिविधि नगर्न यो सम्मेलन सम्वन्धीत सवैलाई सचेत गराउँदछ ।

९. न्यायपालिकाको स्वतन्त्रता अक्षुण राख्न, न्यायपालिका प्रति जनविश्वास अभिवृद्धि गर्न र न्यायपालीकालाई थप उत्तरदायी बनाउन सबै तहका अदालतमा कार्यरत माननीय न्यायाधीशहरुको सम्पत्ति विवरण आवधिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउन यो सम्मेलन सम्माननीय प्रधान न्यायाधीश र न्याय परिषद्सँग अपिल गर्दछ ।

१०. मुद्दाको पेशी तोक्ने विषयले न्यायपालिकलाई पटक पटक विवादमा ल्याइरहेको हुँदा सबै तहका अदालतहरुमा मुद्दाको पेशी सूचि (कजलिष्ट) तोक्ने कार्य गोला (राफल) प्रणालीद्वारा गर्न यो सम्मेलन माग गर्दछ ।

११. सर्वोच्च अदालतवाट जारी हुने अन्तरिम तथा अन्तरकालीन आदेशहरुमा विविधता र विसंगतिहरु देखिएकाले सोमा एकरुपता कायम गर्न अन्तरिम तथा अन्तरकालीन आदेश कार्यविधि बनाई लागू गर्न यो सम्मेलन सम्मानित सर्वोच्च अदालतको फूलकोर्टको ध्यानाकर्षण गराउँदछ ।

१२. न्यायाधीशहरुवाट गरिएका सम्पूर्ण फैसला तथा आदेशहरुको छुट्टाछुट्टै व्यक्तिगत अभिलेख राख्ने व्यवस्था मिलाउन यो सम्मेलन न्याय परिषदको ध्यानाकर्षण गराउँदछ ।

१३. वाणिज्य इजलासमा न्यायाधीशहरु तोक्ने कार्य सम्बन्धित उच्च अदालतको मुख्य न्यायाधीशबाटै हुने व्यवस्था मिलाउन यो सम्मेलन माग गर्दछ ।

१४. एक वर्ष भन्दा कम कैदको सजाय हुने केही मुद्दाहरुको सुनुवाई गर्ने क्षेत्राधिकार प्रमुख जिल्ला अधिकारीलाई दिने विषय संविधान प्रदत्त स्वच्छ सुनुवाईको हकको अवधारणा प्रतिकुल हुने भएकोले सवैखाले कैदको सजाय हुने मुद्दाहरुको सुनुवाई अदालतहरुबाटै हुने व्यवस्था मिलाउन यो सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

१५. विगत केही समयदेखि मुलुकका विभिन्न भागहरुमा देखा परेका लैगिंक हिंसा लगायतका मानव अधिकार उल्लंघनका घटनाको संवोधन गर्न यो सम्मेलन नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

१६. नेपालको शान्ति प्रकृयाका महत्वपूर्ण कार्यभारहरुमध्ये सेना समायोजन, नयाँ संविधान मार्फत राज्यको पुनःसंरचना, द्वन्द्वपीडितलाई अन्तरिम राहत तथा वेपत्ता र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने जस्ता महत्वपूर्ण कामहरु भएतापनि शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन गर्नुपर्ने बाँकी कार्यहरु यथासिघ्र सम्पन्न गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

१७. संक्रमणकालीन न्याय सम्बन्धी संरचना र उपायहरुलाई विश्वसनीय र प्रभावकारी बनाउन बेपत्ता र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई सम्मानीत सर्वोच्च अदालतको आदेश समेतलाई ध्यानमा राखि संशोधन गर्न र आयोगहरुलाई आवश्यक श्रोत साधन उपलब्ध गराई पीडितको सत्य, न्याय र परिपुरणको अधिकारलाई सुनिश्चित गर्न यो सम्मेलन नेपाल सरकार तथा सम्बन्धीत सबैको ध्यानाकर्षण गराउँदछ ।

१८. थुनामै राखेर मुद्दाको कारवाही गर्ने वर्तमान अदालती अभ्यासले फौजदारी न्यायको मर्म परास्त हुदै गएको सन्दर्भमा फौजदारी न्यायको अवधारणा बमोजिम थुनामा राख्ने आदेशलाई अपवादको रुपमा लिई अन्य उपयुक्त विकल्पलाई प्राथमिकता दिन यो सम्मेलन आव्हान गर्दछ ।

१९. नेपालको कानुन प्रणालीमा आधारभूत परिर्वतन गर्ने उद्देश्यले जारी भएका देवानी तथा फौजदारी संहिताहरु २०७५ साल भाद्र १ गतेबाट लागु हुन गईरहेको परिप्रेक्ष्यमा ती संहिताहरुको प्रभावकारी कार्यान्वयनका लागि चाहिने आवश्यक पुर्वाधार निर्माण गर्न, न्यायाधीश, कानुन व्यवसायी, न्याय सेवाका कर्मचारी लगायतका सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक उपायहरु अवलम्वन गर्न यो सम्मेलन सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

२०. कानूनी शिक्षालाई अन्तराष्ट्रिय स्तरको बनाउन विद्यमान पाठ्यक्रमलाई समयानुकुल परिवर्तन गर्न यो सम्मेलन नेपाल कानून व्यवसायी परिषद् लगायत सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

२१. सम्मानीत सर्वोच्च अदालतको आदेश बमोजिम सर्वोच्च अदालतमा छुट्टै वातावरण इजलाश गठन गर्न र सोही अनुरुप आवश्यकता अनुसार अन्य तहका अदालतमा समेत वातावरण इजलाश गठन गर्नका लागि यो सम्मेलन सम्माननीय प्रधानन्यायाधीश र न्याय परिषदको ध्यानाकृष्ट गराउँदछ ।

२२. मुलुकलाई आर्थिक रुपले समृद्ध बनाउन स्वदेशी तथा विदेशी लगानी आकृष्ट गर्न लगानी मैत्री कानुन निर्माण गर्न यो सम्मेलन नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

२३. नेबाएमा अध्ययन अनुसन्धान विभाग गठन गरीन्यायसम्पादन र न्याय प्रशासन लगायतका विषयमा नियमित रुपमा अनुसन्धान गरी सोको प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था मिलाउन यो सम्मेलन नेबाए केन्द्रीय कार्य समितिको ध्यानाकर्षण गराउँछ ।

२४. यसअघि नेबाएका सम्मेलनहरुबाट पारित घोषणापत्रहरुको अध्ययन गरी आवश्यक रणनीति बनाई सोको कार्यान्वयनको लागि पहल गर्न यो सम्मेलन नेबाए केन्द्रीय कार्य समितिको ध्यानाकर्षण गराउँदछ ।

२५. सक्षम कानुन व्यवसायी नहुँदासम्म सक्षम न्यायपालिका हुन नसक्ने मान्यतालाई आत्मसात गर्दै नेबाएले विगतदेखि निरन्तर उठाउँदै आएको लयर्स एकेडेमी स्थापना गरी कानुन व्यवसायीको

विषयगत विशेषज्ञता अभिवृद्धि गर्न अविलम्ब प्रभावकारी भूमिका निर्वाह गर्न यो सम्मेलन नेवाएको ध्यानाकर्षण गराउँदछ ।

२६. स्थानीय तहको न्यायिक समितिलाई प्रभावकारी बनाउन आवश्यक पर्ने कानुनी एवम् अन्य संरचनागत आधार खडा गर्न यो सम्मेलन आव्हान गर्दछ।

२७. कानुन व्यवसायीहरुले वार्षिक रुपमा न्युनतम संख्यामा स्वेच्छिक कानुनी सेवा (Pro bono) प्रदान गर्ने व्यवस्था गरी सोको अभिलेख राख्ने व्यवस्था समेत मिलाउन यो सम्मेलन नेवाएको ध्यानाकर्षण गर्दछ ।

२८. न्यायपालीकासँग सम्बन्धित राष्ट्रिय महत्वको घटनाहरुमा नेवाएले खेल्नु पर्ने प्रभावकारी भूमिका बारे यो सम्मेलनमा उठेका प्रश्नहरुलाई सम्मान गर्दै आगामी दिनमा त्यस्ता घटनाहरुमा नेवाएले थप प्रभावकारी भूमिका खेलोस भन्ने यो सम्मेलन आव्हान गर्दछ ।

२०७४ साल चैत्र ११ गते ।